स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



फिल्म 'महाजात्रा'का निर्माताले पनि गीतमा भ्यूज थुपार्न सामाजिक सञ्जालमा पैसा तिरेर गरिने प्रचार (बुस्ट)को सहारा लिएका छन् । माघे संक्रान्तिको दिन फिल्मको 'आहा क्या राम्रो !' गीत सार्वजनिक गरिएको थियो । रिलिजको दुई दिनसम्म गीतलाई युट्युबमा १ लाख भ्यूज पनि मिलेको थिएन । गीतमा चर्चित डान्सर आश्मा विश्वकर्मा र अभिनेता अरुण क्षेत्रीले नृत्य गरेका छन् भने फिल्मका कलाकार हरु विपिन कार्की, वर्षा राउत, रविन्द्र सिंह बानियाँ र रविन्द्र झा पनि नृत्य गर्दै देखिएका छन् ।

आजको विचार...



उपेन्द्रराज कुइकेल

प्रकृतिको... (दुई पेजमा)



अभिनेता राजबल्लभ कोइराला फिल्म 'एक्टर' मा अनुबन्धित भएका छन् । फिल्ममा नायक प्रदीप खड्का र नायिका आना शर्मा यस अगाडी अनुबन्धित भैसकेका छन् । अभिनेता बल्लभ लामो समयपछि 'एक्टर'बाट अभिनयमा फर्किएका हुन् । राजन भुसालको निर्देशनमा तयार हुन लागेको यो फिल्ममा थमन कुमार भण्डारीको लगानी छ । अदृत फिल्मस्को प्रस्तुतिमा निर्माण हुन लागेको यो फिल्मको सह-निर्माताामा एनिस भुसाल र सार्थक के.सी छन् । फिल्ममा पोष्टर डिजाइन र पब्लिसिटी डिजाइन ट्राइडेन्ट कन्सेप्टको रहेको छ ।

❒ वर्ष २९ ❒ अंक १७३ ❒ २०८० माघ ७ गते आइतबार 21 January 2024, Sunday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## सहकारीमार्फत कृषिजन्य वस्तुको बजारीकरण

### विचौलियाको अन्त्य गर्दै सूर्योदय सहकारी, सहकारीमै बैंकिङ्ग सेवा

रामचन्द्र रायमाझी

**पाल्पा,** माघ ६/पछिल्लो समय कृषि उत्पादन र बजारीकरणमा सहकारीले लगानी बढाएका छन् । बचत र ऋणमा मात्रै केन्द्रित हुँदै आएका सहकारी पछिल्लो समय कृषिजन्य उत्पादन र बजारीकरणमा लागेका हुन् ।

जिल्ला सहकारी संघ पाल्पाका अनुसार पाल्पामा ३ सय ९ सहकारी छन् । त्यसमध्ये झण्डै ७०/८० वटा कृषि सहकारी छन् । जसमा करिब १५ वटा सहकारीले बजारीकरणलाई उच्च प्राथमिकतामा राखेर काम गर्दै आएका छन् । अन्य प्रकृतिका सहकारीहरुले पनि आृना सदस्यलाई कृषि क्षेत्रमै लगानी गरेको दाबी गरेका छन् । सहकारीको वास्तविक तथ्यांक आउन नसके पनि पछिल्लो समय कृषिजन्य उत्पादन र बजारीकरणमा भने लगानी बढ्दै गएको देखिन्छ । तरकारी तथा फलफूल बजारमा बिचौलियाको बिगबिगी छ । किसानले उचित मूल्य पाउन सकेका छैनन् । उपभोक्ताले चर्को मूल्यमा तरकारी तथा फलफूल किन्न बाध्य छन् । त्यति मात्र होइन किसानले उत्पादन गरेका कृषिजन्य वस्तुले बजार नपाएर नष्ट भएका खबरहरु समेत सार्वजनिक भइरहेका बेला जिल्लाका केही सहकारीहरुले भने उत्पादन, बजारिकरण र बिचौलिया अन्त्यका लागि सहकारी बजार नै स्थापना गरेर काम गर्दै आएका छन् । जिल्लाको रामपुर नगरपालिका-५ बेभ्फाड बजारमा रहेको सूर्योदय कृषि सहकारी संस्थाले २०७७ देखि बजारीकरणका क्षेत्रमा उल्लेखनिय रुपमा काम गर्दै आएको छ । उसले किसान कृषि पेसाबाट विमुख नहुन भनेर सहकारीमार्फत कृषिको व्यवसायिक उत्पादन, प्रशोधन, भण्डारण, बजारीकरणमा सघाउदै आएको छ । सहकारीले कृषकहरुको उत्पादन वृद्धि गर्न सहुलियत रुपमा मौसम अनुसारका तरकारी, फलफूलहरुका विउविजन, रासायनिक मल, किटनासक औषधि उपलब्ध गराउनुको साथै उत्पादित कृषिजन्य वस्तुहरुको बजारीकरणमा सहयोग गर्दै आएको छ । सहकारी आफैले उत्पादित बस्तु खरिद गरी बिक्री गर्दै आएको छ भने जिल्लामा खपत हुन नसकेको उत्पादित वस्तु बाहिरी ठूला शहरहरुमा विक्रीका लागि समन्वयकारी भूमिका निर्वाह गर्ने गरेको छ । विशेष गरी समूहमा उत्पादन गरेर ल्याउने कृषकहरुको ठूलो परिमाणको कृषिजन्यवस्तु बुटवल, पोखरा, काठमाडौं, नेपालगञ्ज लगायतका शहरहरुमा विक्रीका लागि पहल गरिदिने काम सहकारीले गर्दै आएको छ । किसानले उत्पादन गरेको उत्पादित वस्तुले बजार नपाउने र किसानले अत्यन्तै कम मूल्यमा बिक्री गरेको वस्तु उपभोक्तले चर्को मूल्यमा किन्नुपर्ने वाध्यताको अन्त्य गर्न सहकारी बजार निर्माण गरी काम गर्दै आएको सहकारीका सल्लाहकार तथा बजार संयोजक भूपति पाण्डेले बताए । उनले भने 'हामीले कृषकहरुले उत्पादन गरेका उत्पादित वस्तुको बजारीकरण, विचौलियाको अन्त्य र उपभोक्ताले गुणस्तरीय वस्तुको उपभोग गर्न सकुन भनेर नै सहकारी बजार स्थापना गरेर काम गर्दै आएका हौं ।' अहिले किसानले पाउने मूल्य र उपभोक्ताले खरिद गर्ने बजार मूल्यबीच ठूलो अन्तर नरहेको पाण्डेको भनाई छ । यसबाट किसान र उपभोक्ता दुवै उत्तिकै लाभान्वित भएको उनले बताए । सहकारीमा ५ सय ८ जना सदस्य रहेका छन् । जहाँ उनीहरुले उत्पादन गरेका वस्तुहरु सहकारी आफैले विक्री गर्दै आएको छ । सहकारीले शेयर सदस्यहरुको मात्र नभई अन्य कृषकहरुको उत्पादित वस्तु खरिद गर्नुको साथै बजारीकरणमा सहयोग गर्ने गरेको छ । सहकारीमार्फत तरकारी, गेडागुडी जन्यवस्तु, खाद्यान्न, गाई, भैसी, कुखुराका लागि चाहिने दाना, उच्च गुणस्तरका चल्ला जस्ता कृषिजन्यवस्तुहरुको सहुलियत दरमा विक्री , वितरण गरिदैं आइएको सहकारीका अध्यक्ष बुद्धिराज गौतमले बताए । यहाँ बाहिरी बजारमा भन्दा ४ देखि ३० प्रतिशतसम्म छुट पाइने गर्दछ ।



**सहकारीमै बैंकको शाखारहित बैंकिङ्ग सेवा**

यस्तै सूर्योदय सहकारीले आम नागरिकहरुको सेवालाई मध्यनजर गरी नेपाल एसबीआइ बैंकको शाखारहित बैंकिङ्ग सेवा समेत सञ्चालन गरेको छ । विशेष गरी पेन्सन लिनका लागि जिल्ला सदरमुकाम जानु पर्ने बाध्यताको अत्यन्त गर्न सहकारीले बैंकसँगको सहकार्यमा सेवा दिएको हो । यहाँ सेवा सञ्चालन भएसँगै बाहिर जानुपर्ने झन्झटबाट नागरिकमुक्त भएका छन् । पेन्सन बापतको रकम लिन सहकारी पुगेकी रामपुर नगरपालिका विजपुरकी ७२ वर्षीया ज्ञानकुमारी मल्ल र स्याङ्जा डिसिङकोटका ८० वर्षीय टेक बहादुर थापाले सहकारीबाटै पैसा लिन पाउँदा उत्साहित भए । उनीहरुले सहजै रुपमा पैसा झिक्न पाउनुको साथै समय, पैसाको बचत समेत भएको बताए । सहकारीमा पाल्पा, स्याङ्जा, तनहुँ, नवलपरासीबाट सेवा लिन आउने गरेको सहकारी व्यवस्थापक सावित्री शाहीले बताईन् । उनका अनुसार दैनिक २० देखि ३० जनाले बैंकिङ्ग सेवा लिने गरेका छन् ।

**बजारीकरणमा अन्य सहकारीहरु**

उत्पादन र बजारीकरणमा जिल्लाका अन्य सहकारीहरुले पनि काम गर्दै आएका छन् । यहाँका दोभान कृषि सहकारी, डुम्रे दूग्ध सहकारी, बगनासकाली कृषि सहकारी, माडी कृषि सहकारी, भैरवस्थान कृषि सहकारी, औंर्व कृषि सहकारी, साना किसान कृषि सहकारी, सामाजिक उद्यमी आधारशीला कृषि सहकारी, देउराली सामुदायिक बहुउद्देश्यीय सहकारी, गल्धा सामाजिक उद्यमी सहकारी लगायतका दर्जन बढी सहकारीहरुले कृषिका क्षेत्रमा काम गर्न थालेका छन् । तीनै तहका सरकारले कृषिजन्य वस्तु, दूध, मासुमा आत्मनिर्भर बन्ने योजना बनाइरहँदा सहकारीले आफुलाई वस्तुको उत्पादन तथा बजारीकरणमा केन्द्रीत गर्न थालेका हुन् । कृषि सहकारीले तरकारी, खाद्यान्न, पशु सुरक्षा कार्यक्रम, गाईभैंसीपालन, धान, अदुवा, तरकारी खेतीमा लगानी गरेर उत्पादन गर्दै आएका छन् । जिल्ला बचत तथा ऋण सहकारी संघ पाल्पाका अध्यक्ष जगदीश भट्टराईका अनुसार कृषि क्षेत्रमा सहकारीको लगानी तुलनात्मकरूपमा बढ्दै गएको बताए । सहकारीको मुख्य काम कृषिको उत्पादन र बजारीकरण हुनुपर्ने भए पनि सरकारी नीतिका कारण धेरै सहकारी बचत र ऋणमै केन्द्रित हुनु परेको उनको भनाइ छ । अर्थतन्त्रलाई उत्पादनमुखी, आत्मनिर्भर र निर्यातमूलक बनाउन र रोजगारी प्रवर्द्धनमा सहकारी हिस्सा बन्न सक्ने उनले बताए ।

## संक्षिप्त समाचार

### विद्यालयमा आगलागी हुँदा १३ जनाको मृत्यु




(रासस/एएफपी)

**बेइजिङ,** माघ ६/मध्य चीनको हेनान प्रान्तको एक विद्यालयको छात्रावासमा आगलागी हुँदा १३ जनाको मृत्यु भएको चिनियाँ सञ्चारमाध्यमले जनाएका छन् ।

स्थानीय प्रहरी तथा प्रशाासनले भनेको छ,'हेनानको यान्शान्पु गाउँमा रहेको यिङकाई विद्यालयमा शुक्रबार राति ११ बजे आगलागी भएको स्थानीयले दमकल विभागलाई जानकारी गराएका थिए । उक्त आगलागीका कारण १३ जनाको मृत्यु भएको पुष्टि भएको छ भने एक जना घाइते भएका छन् ।' आगलागीको रिपोर्टपछि उद्धारकर्मीहरू तुरुन्तै घटनास्थलमा पुगेका थिए भने राति ११:३८ बजे आगो नियन्त्रणमा आइसकेको थियो । गत नोभेम्बरमा उत्तरी चीनको सान्सी प्रान्तमा रहेको कोइला कम्पनीको कार्यालयमा आगलागी हुँदा २६ जनाको मृत्यु भएको थियो भने दर्जनौंलाई अस्पताल लगिएको थियो । गत अप्रिलमा बेइजिङको एक अस्पतालमा भएको आगलागीमा परी २९ जनाको मृत्यु भएको थियो भने मानिसहरू झ्यालबाट हाम फालेरसमेत ज्यान जोगाउन बाध्य भएका थिए । शुक्रबारको आगलागीबाट बचेका घाइतेको हाल अस्पतालमा उपचार भइरहेको छ र उनको अवस्था स्थिर छ । स्थानीय अधिकारीहरूले आगलागीको कारणबारे अनुसन्धान गरिरहेको सिन्हुवाले जनाएको छ ।

## एनसीसी कप : एमआइबी र एनसीसी फाइनलमा



**पाल्पा,** माघ ६/पाल्पाको बगनासकाली गाउँपालिका -१ चिलाङ्दी खेलमैदानमा जारी खुल्ला नारायणडाँडा क्रिकेट (एनसीसी) कप २०८० को फाइनल खेलमा एमआइबी तानसेन र आयोजक टिम नारायणडाँडा क्रिकेट क्लव तानसेन -१ ( एनसीसी) बिच प्रतिस्पर्धा हुने भएको छ । शनिबार भएको सेमिफाइनलमा जित सुनिश्चित गरेसँगै एमआइबी र एनसीसी फाइनलमा प्रवेश गरेको खेल संयोजक नवराज बस्यालले जानकारी दिए । सेमिफाइनलमा आयोजक टिम एनसीसीले नवदुर्ग क्रिकेट क्लव तानसेन ११ लाई १६ रनले हराउँदै फाइनल खेलको यात्रा तय गरेको हो । एनसीसीले ८४ रनको तारगेट दिएकोमा नवदुर्गाले ६८ रन मात्र बनाउन सफल भयो ।

-...बाँकी अन्तिम पेजमा

### रामपुरमा राष्ट्रपति रनिङ्ग शिल्ड

## 'समाज र राष्ट्र चिनाउने माध्यम खेलकूद'

**पाल्पा,** माघ ६/ लुम्बिनी प्रदेश सभा सदस्य राजु प्रसाद श्रेष्ठले समाज र राष्ट्र चिनाउने माध्यम खेलकूद भएको बताएका छन् । रामपुर नगरपालिकाले सञ्चालन गरेको चौथो राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगितालाई सम्बोधन गर्दै सांसद श्रेष्ठले खेलकूद माध्यमबाट समाज र राष्ट्रको पहिचान हुने बताएका हुन् ।



उनले स्वास्थ्यसँगै शिक्षाका लागि खेलकुदले महत्वपूर्ण भूमिका रहेको समेत उल्लेख गरे । सांसद श्रेष्ठले भने,'व्यवहार र खानपानका कारण बालकदेखि वृद्धसम्मलाई व्यायमको आवश्यकता रहेको सन्दर्भमा खेलकुदले शारीरिक व्यायम बारे सचेतना जगाउन महत्वपूर्ण भूमिका खेल्छ ।' कार्यक्रमा नगर प्रमुख रमणबहादुर थापाले प्रतियोगिताले प्रतिस्पर्धा मात्र नभई सिक्ने अवसर समेत प्रदान गर्ने बताए ।

-बाँकी अन्तिम पेजमा

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## विद्यार्थी विदेसिन नदेऊ

पछिल्लो केही वर्ष यता नेपाली विद्यार्थीहरु विदेसिनेको संख्या बढ्दो छ । हरेक दिन त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा विदेश जाने विद्यार्थीको लर्को हेर्दा लाग्छ, नेपाल छिट्टै युवाविहीन बस्तीमा परिणत हुँदैछ । नेपालको शिक्षा नीतिका कारण विद्यार्थीहरु विदेसिन बाध्य छन् । कक्षा १२ पछिको भविष्य विद्यार्थीहरुले विदेशमा खोज्ने थालेका छन् । हरेक वर्ष अध्ययनका लागि भन्दै विदेसिने एक लाख हाराहारी नेपालीमध्ये अधिकांशको प्राथमिकता पढाइभन्दा रोजगारी हुन्छ ।

सुरक्षित भविष्यको खोजीमा विद्यार्थी बनेर विदेसिने र उतै बस्ने प्रवृत्ति पछिल्ला दिन अझ तीव्र देखिएको छ । जुन मनसायका साथ नेपालीहरू विदेशतिर दौडिरहेका छन् त्यो भने चिन्ताको विषय हो । स्वदेशमा शिक्षासँगै रोजगारीको अवसर प्राप्त नहुँदा विद्यार्थी मोटो रकम खर्चिएर विदेश गइरहेका छन् । शिक्षा प्रणाली व्यावहारिक हुन नसक्दा युवापुस्ताले स्वदेशी शिक्षाभन्दा विदेशी शिक्षा रोज्ने गरेका छन् । खासगरी युरोपेली मुलुकमा अध्ययनका लागि विद्यार्थी बाहिरिइरहेका छन् । विद्यार्थी पलायन रोक्न गुणस्तरीय शिक्षामा जोड दिन आवश्यक छ । नेपालमा लाखौं खर्च गरेर पढाइ गरे पनि रोजगारीको अवसर नहुँदा विद्यार्थी विदेसिनु परेको अवस्थाप्रति सरकार गम्भीर बन्नै पर्छ । अष्ट्रलिया, युरोप र अमेरिका पुग्ने विद्यार्थीहरुले अध्ययन मात्र होईन भविष्य समेत उतै खोज्दा देशका होनहार युवाहरु पलायन भएका छन् । विदेशमा शिक्षा प्राप्त पछि स्वदेश फर्किने र देशको विकासका लागि काम गर्ने नेपालीको सख्या नगन्य मात्रा छ । यसैले विद्यार्थीको नाममा विदेसिने नेपालीलाई रोक्न आवश्यक छ । समग्रमा राष्ट्रिय योजनाको खाका राम्रो नभएकाले विद्यार्थी देश छाडिरहेछन् । शिक्षा नीति मात्र होइन,देशको समग्र नीतिमा पुन:संरचना नगरी विद्यार्थी देशमा रोकिनेवाला छैनन् । राज्यले युवा जनशक्ति टिकाउन समग्र प्रणालीमा परिवर्तन गर्न ढिलो भइसकेको छ । तसर्थ अब छिटो भन्दा छिटो शिक्षा प्रणालीमा सुधार गरी स्वदेशमै रोजगारीका अवसर सिर्जना गरी विदेश जानबाट विद्यार्थी रोक्न जरुरी छ ।

## Opinion @ Social Network

भाग्य फुटेको...
Vaseline लागाएर ठीक नहुदो रैछ !!
*(सरस्वती ढङ्गालको फेसबुक स्टाटसबाट https://www.facebook.com/saraswati.dangal)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# प्रकृतिको संरक्षणसहितको दिगो विकासमा राज्यको ध्यान खोइ ?



उपेन्द्रराज कुइकेल

***प्रकृतिको संरक्षणमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा विभिन्न प्रयास भइरहेका छन्, सन्धि–महासन्धि गरेर त्यसमा प्रतिबद्ध रहे पनि प्रकृतिको सन्तुलन थप बिग्रिरहेको छ । पछिल्ला वर्षहरूमा नेपालमा अतिवर्षा, बाढीपहिरो, खडेरी, डढेलो, असिनापातजस्ता विपत् देखिन थालेका छन् । यस्ता विपत्लाई विश्लेषण गर्दा अव्यवस्थित सहरीकरण र औद्योगिकीकरण, वन अतिक्रमण, निजी तथा सार्वजनिक सवारी साधनबाट उत्सर्जन हुने हरित ग्यास, बढ्दो उपभोग आदिको उपज हो भन्न सकिन्छ । प्राकृतिक सम्पदाको अत्यधिक दोहनले प्रकृतिलाई कुरूप मात्र पारेको छैन, हाम्रा भावी सन्ततिको हातमा नकारात्मक प्रभाव र प्रदूषण मात्र थुपारिराखेका छौँ, यसतर्फ सबैको गम्भीर ध्यान जान जरुरी छ । यतिखेर हामीकहाँ पनि भौतिक पूर्वाधारका कार्यक्रम प्राथमिकतामा परिरहेका बेला छन् । विकास निर्माणलाई पर्यावरण मैत्री बनाउन सोही अनुकूलको नीति, बजेट तथा कार्यक्रम पनि सँगै लैजानुपर्छ । साथै विपन्न वर्गको निम्ति समतामूलक विकासको अवधारणालाई अवलम्बन गर्नु पनि समयको आवश्यकता हो । भौतिक विकास र वातावरण संरक्षण 'एकै सिक्काका दुई पाटा' हुन् भन्ने विवेकपूर्ण सोच राखी योजना तर्जुमा गरी कार्यान्वयन गर्न आवश्यक छ ।***

प्रकृतिको एक अभिन्न अंश हो मानव । मानवलाई आवश्यक पर्ने पर्यावरणीय सेवा र सुविधा प्रकृतिले दिएको छ । मान्छेको शारीरिक स्वास्थ्यका निम्ति मात्र नभई मानसिक स्वास्थ्यका निम्ति पनि प्रकृतिको सामीप्यता अनिवार्य हुन्छ । बढ्दो सहरीकरण, प्रविधि तथा औद्योगीकरणका कारण मानव जीवनको आधार प्रकृतिको सन्तुलन क्रमश: बिग्रँदै गइरहेको छ ।

एकातिर भौतिक विकासको नाममा प्राकृतिक स्रोतको दोहन चरम चुलीमा छ भने अर्कोतिर औद्योगिकीकरणबाट हुने कार्बन उत्सर्जनले पनि वातावरणमा असर परिरहेको छ । यसरी क्रमश: प्राकृतिक सम्पदा क्षयीकरण हुँदै गएका छन् । नदीनाला, जमिन र वायुमा प्रदूषणको मात्रा बढिरहेको छ । वन नासिने, सिमसार क्षेत्रहरू सुक्ने, दुर्लभ वन्यजन्तुहरू लोप हुँदै जाने, हिमशृंखला पग्लने, अतिशय वर्षा हुने, हिमपहिरो बढ्ने, खडेरी लाग्ने आदि असर प्रकृतिमा देखिइरहेका छन् । यसरी प्रकृतिको वातावरणीय सन्तुलन खलबलिन जाँदा त्यसले प्रदान गर्ने पर्यावरणीय सेवा–सुविधामा ह्रास आउँदै जाने निश्चित छ ।

विभिन्न रिपोर्ट अनुसार, केही वर्षको अन्तरालमा हेर्दा समुद्री सतहको उचाइ पनि केही मात्रामा बढिरहेको छ भने पृथ्वीको तापक्रम पनि बढ्दै गइरहेको छ । हिमशिखरहरू तीव्र रूपमा पग्लँदै जाँदा तटीय स्थान क्रमश: डुबानको जोखिममा पर्दै गएको देखिन्छ । बालीनाली र वस्तुभाउमा अनेकौं थरीका रोगव्याधी फैलिने समस्या बढ्दै गएका छन् । यसले पारेको नकारात्मक प्रभाव मूलत: कृषि र पशुपालनमा आश्रित ग्रामीण समुदायमा ठुलो र दूरगामी छ । खासगरी विकासोन्मुख र अल्पविकसित मुलुकहरू बढी प्रभावित छन् । भौतिक विकास मानव जातिका निम्ति आवश्यक छ, तर भौतिक विकासका नीति पर्यावरणमैत्री बनाउन नसक्दा र भएका नीतिहरूको पनि फितलो कार्यान्वयन पक्षले गर्दा प्रकृतिको संरक्षण हुन सकिरहेको छैन । प्रकृतिको संरक्षणमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा विभिन्न प्रयास भइरहेका छन्, सन्धि–महासन्धि गरेर त्यसमा प्रतिबद्ध रहे पनि प्रकृतिको सन्तुलन थप बिग्रिरहेको छ । पछिल्ला वर्षहरूमा नेपालमा अतिवर्षा, बाढीपहिरो, खडेरी, डढेलो, असिनापातजस्ता विपत् देखिन थालेका छन् । यस्ता विपत्लाई विश्लेषण गर्दा अव्यवस्थित सहरीकरण र औद्योगिकीकरण, वन अतिक्रमण, निजी तथा सार्वजनिक सवारी साधनबाट उत्सर्जन हुने हरित ग्यास, बढ्दो उपभोग आदिको उपज हो भन्न सकिन्छ । प्राकृतिक सम्पदाको अत्यधिक दोहनले प्रकृतिलाई कुरूप मात्र पारेको छैन, हाम्रा भावी सन्ततिको हातमा नकारात्मक प्रभाव र प्रदूषण मात्र थुपारिराखेका छौँ, यसतर्फ सबैको गम्भीर ध्यान जान जरुरी छ । यतिखेर हामीकहाँ पनि भौतिक पूर्वाधारका कार्यक्रम प्राथमिकतामा परिरहेका बेला छन् । विकास निर्माणलाई पर्यावरण मैत्री बनाउन सोही अनुकूलको नीति, बजेट तथा कार्यक्रम पनि सँगै लैजानुपर्छ । साथै विपन्न वर्गको निम्ति समतामूलक विकासको अवधारणालाई अवलम्बन गर्नु पनि समयको आवश्यकता हो । भौतिक विकास र वातावरण संरक्षण 'एकै सिक्काका दुई पाटा' हुन् भन्ने विवेकपूर्ण सोच राखी योजना तर्जुमा गरी कार्यान्वयन गर्न आवश्यक छ । वातावरण संरक्षणबिना गरिएको भौतिक विकास दिगो हुँदैन भन्नेमा सबै पक्ष प्रस्ट हुन आवश्यक छ । पूर्वाधार विकास अन्तर्गत सडक, खानेपानी, सिँचाइ, जलविद्युत्, विद्युत् प्रसारण, दूरसञ्चार टावर र सञ्जाल, सडक, पुल, व्यावसायिक भवन, सहरी बसोबास बनाउँदा प्राकृतिक तथा सामाजिक सांस्कृतिक वातावरणमा पर्न सक्ने सकारात्मक तथा नकारात्मक प्रभावबारे मूल्याङ्कन गर्नुपर्छ । जमिन, खोलानाला, जलचर, कृषियोग्य जमिन, वनस्पति, वन्यजन्तु चराचुरुङ्गी, वायुमण्डल, माटो र जनस्वास्थ्यमा पर्ने प्रभावहरूको आकलन गरी ती प्रभावलाई हटाउन वा न्यूनीकरणका लागि के गर्न सकिन्छ, त्यसको योजना बनाउन अत्यावश्यक छ । यी उपायको अवलम्बन गरे मात्र भौतिक विकास पर्यावरणीयमैत्री बन्न सक्छ र मानवको शारीरिक तथा मानसिक स्वास्थ्यका निम्ति सहायक हुनेछ । हामीकहाँ दिगो विकासका बहसहरू गरिँदा पर्यावरणको पक्षमा त्यति चासो राखेको देखिँदैन । विकासका क्रममा प्रकृति र वातावरणमा असर पर्नु स्वाभाविकै हो भनी सतही रूपमा बुझ्ने र लिने गरिन्छ । विकासका असरहरू कहाँ, कति परेको छ, त्यसलाई हटाउन वा कम गर्न कसरी सकिन्छ भन्नेतर्फ धेरै विश्लेषण हुँदैन । यस कारण देशका कुनाकुनामा बन्दै गरेका सडक सञ्जालले बाढी–पहिरो लगायत समस्या निम्त्याएका छन् । इन्जिनियर र आवश्यक विज्ञको परामर्शबिना भौतिक निर्माण गरिँदा भलपानीको उचित व्यवस्थापन हुन सकेको छैन, पहिरोको जोखिम बढिरहेको छ । यसमा संघीयदेखि स्थानीय सरकार र नागरिक समाज समेत उत्तिकै जिम्मेवार छन् ।

भूउपयोग योजना र बस्ती विकास योजना बनाउँदा भौगोलिक अवस्थाको लेखाजोखा अनिवार्य सर्त हो । भौगोलिक अवस्थाको लेखाजोखा नगरी बनाइने यस्ता योजनाले झन् विपरीत परिणाम दिन्छन् । भौगोलिक विविधता रहेको हाम्रो देशमा भौगोलिक अवस्थाले भौतिक विकासलाई धेरै प्रभावित गर्छ । भौगोलिक विविधता र विकट ठाउँमा छरिएका बस्तीलाई ध्यान दिई भूउपयोगमा आधारित दीर्घकालीन दृष्टिकोणका साथ विकास योजनाको तर्जुमा र कार्यान्वयन गरेर मात्र मानव बस्तीहरूमा न्यूनतम सेवा–सुविधा प्रवाह गर्न सकिन्छ । मानव गतिविधिसँगै जलवायु परिवर्तनले वन, कृषि र जलाधारमा अनेक नकारात्मक प्रभाव र चाप थोपरेको छ । पूर्व–पश्चिम राजमार्गमा चुरे क्षेत्रबाट बग्ने नदीले थुपारेको ग्रेगानले पुलको माथिल्लो सतह नै छुन थालेको अवस्था छ । वन्यजन्तुहरूको निम्ति नभई नहुने सिमसार क्षेत्र, घोल र जलाशयमा पानीको परिणाम घट्दा वन्यजन्तुहरू पानीको खोजमा लामो दूरी हिँड्नुपर्ने भएको छ । उनीहरुले राजमार्ग क्रस गर्दा गाडीसँग ठोक्किई मानव र वन्यजन्तु दुवैको ज्यान खतरामा परेको अनेक तथ्य छन् । यी केही प्रतिनिधि उदाहरण मात्र हुन् । भौतिक निर्माणका योजना, नीतिहरूलाई जलवायु परिवर्तनको सन्दर्भमा कसरी बुझ्ने र कसरी कार्यान्वयन गर्ने, यसमा व्यापक छलफल र विमर्श हुन आवश्यक छ । खासगरी जलवायु तथ्याङ्कहरूको मिहीन विश्लेषण गरेर मात्र योजना बनाउनुपर्ने देखिन्छ । स्थानीय सान्दर्भिकता हेरी स्थानीय अनुकूलन कार्ययोजना (लापा) बनाउने र कार्यान्वयन गर्ने, जलवायुमैत्री प्रविधि विस्तार गर्दै रैथाने कृषि बाली र वनस्पतिको प्रवर्द्धन गर्ने, आम उपभोक्तामा रैथाने जातका फाइदाबारे जानकारी प्रदान गर्ने आगामी कदम राज्यले चाल्नुपर्छ । यस सन्दर्भमा केही सरकारी, गैरसरकारी तथा निजी तहबाट प्रयास भएको पनि भेटिन्छ । प्रकृति र मानवबिचको गहिरो सम्बन्धलाई मध्यनजर गरी प्रकृतिको संरक्षण हुने गरी बुद्धिमतापूर्वक नीति तथा कार्यक्रम बनाउँदै र राज्यका संयन्त्रहरू सुधार्दै एकीकृत योजनामार्फत विकास प्रक्रियालाई अगाडि बढाउन आवश्यक छ ।**–रातोपाटी डटकम**

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१–५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१–५४१२३३
भैरहवा ०७१–५२०१९९
अर्घाखाँची ०७७–५२११९९
गुल्मी ०७९–५२०१९९
परासी ०७८–५२०१९९
तौलिहवा ०७६–५६००९९
पाल्पा ०७५–५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५–६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१–५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१–५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१–५२०१९३
मिसनअस्पताल पाल्पा ०७५–५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५–५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५–५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५–४११२०१
पिचन्द्र परासी ०७८–५२०१८८
भैरहवा आँखा अस्पताल ०७१–५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७–५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९–५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६–५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१–५४४५०
बुटवल हस्पितल ०७१–५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१–५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१–५४७८४०
आँखा अस्पताल पाल्पा:०७५–५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५–४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१–५४४६००
लियो क्लब अफ बुटवल ०७१–५४५८९३
रेडक्रस भैरहवा०७१–५२०२६३
रेयुकाई भैरहवा ०७१–५२६६७३,९८४७०२२४६४
परासी ०७८–५२०१२५
रेडक्रस पाल्पा ०७५–५२०६००
रेडक्रस तौलिहवा ०७६–५६००१५
रेडक्रस अर्घाखाँची ०७७–४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९–५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१–५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१–५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६–६९०१०२
रेडक्रस देवदह ०७१–५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५–५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५–५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४


## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : परिश्रमअनुसार उपलब्धि पनि राम्रै पाइएला । सफलता मिल्नेछ । | **तुला** :राजनैतिक क्षेत्रमा सफलता मिल्नेछ । कार्यमा सफलता मिल्नेछ । |
| **वृष** :आफन्तको सहयोग मिल्नेछ । सांस्कृतिक क्षेत्रमा रुची बढ्नेछ । | **वृश्चिक** : प्रेममा खिन्नता बढ्न सक्छ । निरासा र आलस्य आउला । |
| **मिथुन** : व्यावसायिक काम राम्रै हुनेछ । शुभकार्यको चर्चा चल्नेछ । | **धनु** : विभिन्न अवसर प्राप्त हुनेछ । विपरीत वर्गप्रति आकर्षण बढ्नेछ । |
| **कर्कट** : सौन्दर्यतामा धन खर्च हुनेछ । साँझपख शुभ समाचार आउन सक्छ । | **मकर** : नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ । कामहरु अगाडि बढ्नेछन् । |
| **सिंह** : श्रमको उचित मुल्यांकन हुनेछ । महिला वा मित्रबाट सहयोग मिल्नेछ । | **कुम्भ** : कूटनीतिक नियोगको सहयोग मिल्ला । पुनर्मिलनको योग रहेको छ । |
| **कन्या** : मुद्दामा सफलता मिल्नेछ । माया प्रेममा सामिप्यता बढेर जानेछ । | **मीन** : बिलासी बस्तुको प्रयोग गर्न पाईनेछ । शुभकार्यको चर्चा चल्नेछ । |

# विद्यार्थीले बनाए गेडागुडीबाट नेपालको नक्सा

**तेजेन्द्र कुमार श्रेष्ठ** ——

**गुल्मी,** माघ ६/गेडागुडीबाट नेपालको नक्सा बनाइयो भन्दा अचम्म लाग्न सक्छ तर अचम्म मान्नु पर्दैन । गुल्मीमा एक विद्यालयका विद्यार्थीहरुले विभिन्न गेडागुडीबाट नक्सा तयार गरेका छन् ।





जिल्लाको मालिका गाउँपालिका-३, ह्वाङ्दी मेहाले माध्यमिक विद्यालयमा कक्षा ९ मा अध्ययनरत दुई विद्यार्थीले रैथाने धान, मकै, गहुँ, कोदो, कालो सिमी र भाँगोको दाना प्रयोग गरी नक्सा तयार पारेका हुन् । सुशील थापा र मीनबहादुर विकले गेडागुडीबाट नेपालको नक्सा बनाएका छन् । उनीहरुले तयार पारेको नक्सा यतिबेला सामाजिक सञ्जालमा यत्रतत्र देख्न सकिन्छ । नेपालको जनसंख्याको ठूलो हिंसा कृषिमा आश्रित रहेको छ । सोही विषयलाई विद्यार्थीहरुले निर्माण गरेको आकर्षक नेपालको नक्सामा प्रतिबिम्बित गरिएको देखिन्छ । विद्यार्थीले प्रत्येक प्रदेशमा पाईने मुख्यवालीलाई आधार मानी नक्सा तयार गरेका छन् । नक्सालाई आकर्षक बनाउन विद्यार्थीले आफ्नै तरिकाले खाद्यान्न बालीका दाना प्रयोग गरी नक्सा तयार पारेको विद्यालयका सामाजिक विषय शिक्षक टोपलाल पौड्यालले बताए । उनीहरुले दुई दिन लगाएर न्यून खर्चमा नक्सा तयार पारेको उनको भनाइ छ । विद्यालयले उपलब्ध गराएको प्लाई बोर्डमा गमको सहायताले दलहन तथा खाद्यान्न बालीका दानाहरू टाँसेर नेपालको नक्सा बनाइएको छ ।

नक्सामा कोशी प्रदेशलाई धान, मधेश प्रदेशलाई मसुरोको दाल, बागमती प्रदेशलाई कालो सिमी, गण्डकी प्रदेशलाई मकै, लुम्बिनी प्रदेशलाई भाँगोको दाना, कर्णाली प्रदेशलाई चामल र सुदूरपश्चिम प्रदेशलाई कोदोको दानाले संकेत गरिएको देख्न सकिन्छ । सामाजिक विषय अध्ययनका क्रममा नक्सा कार्य शीर्षकको पाठमा विद्यार्थीलाई रचनात्मक बनाइ अभ्यास गराउने क्रममा नेपालको नक्सा तयार पार्न सिकाएको शिक्षक पौड्यालले बताए । विद्यार्थीहरूले तयार पारेको नक्सालाई मालिका गाउँपालिकामा सञ्चालित राष्ट्रपति रनिङ शिल्ड तथा शैक्षिक प्रदर्शनीमा समेत राखिएको थियो ।

## खेलकुद समाचार

### टाटा समूह बन्यो आईपीएलको मुख्य प्रायोजक




**काठमाडौं,** माघ ६/इन्डियन प्रिमियर लिग आईपीएल क्रिकेटको पाँच वर्षको शीर्ष प्रायोजनको अधिकार टाटा समूहले पाएको छ । यसै वर्ष अर्थात् सन् २०२४ देखि २०२८ सम्मको आईपीएलको मुख्य प्रायोजनको सम्झौतामा भारतीय क्रिकेट कन्ट्रोल बोर्ड बीसीसीआई र टाटा समूहबीच सम्झौता भएको छ ।

शीर्ष प्रायोजनबापत पाँच वर्षमा टाटाले आईपीएललाई २५ अर्ब भारु बुझाउनेछ । यो प्रायोजनको रकम अहिलेसम्मकै धेरै भएको पनि भारतीय सञ्चारमाध्यमले जनाएका छन् । यसअघिका दुई वटा संस्करणमा पनि टाटाले नै शीर्ष प्रायोजन गरेको थियो । आईपीएलका अध्यक्ष अरुणसिंह धुमालले कीर्तिमानी रकमको प्रायोजन सम्झौताले आईपीएललाई थप उचाइमा पुर्याएको बताउनुभएको छ । सन् २०२४ को आईपीएल आउँदो मार्च महिनादेखि हुने सम्भावना छ ।

वर्गिकृत डिस्प्ले

१ X ५ साइजमा मात्र

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१

## अर्थ/कर्पोरेट समाचार

# जलविद्युत् आयोजनाबाट तीन अर्ब १५ करोड ५१ लाख रोयल्टी



**काठमाडौं,** माघ ६/सरकारले विभिन्न जलविद्युत् आयोजनाबाट रु तीन अर्ब १५ करोड ५१ लाख ८८ हजार बराबरको रोयल्टी संकलन गरेको छ । सरकारले निर्माण सम्पन्न भई सञ्चालनमा रहेका आयोजनाबाट निश्चित रकम रोयल्टीबापत संकलन गर्ने गर्छ ।

विगतमा आयोजनाका प्रवर्द्धकले आफ्नो अनुकूलतामा रोयल्टी बुझाउने गरेका थिए । पछिल्ला केही वर्षदेखि भने नेपाल विद्युत् प्राधिकरणले बिल भुक्तानी गर्ने समयमा नै रोयल्टी कटाएर राख्ने गरेको छ । सोही कारण नियमितरूपमा रोयल्टी संकलन हुने गरेको छ । विद्युत् विकास विभागले नियमितरूपमा रोयल्टी उपलब्ध गराउन आयोजनाका प्रवर्द्धकलाई आग्रह गर्दै आएको छ । विद्युत् ऐन, २०४९ तथा विद्युत् नियमावली, २०५० बमोजिम विद्युत् उत्पादनको अनमुतिपत्र प्राप्त संस्थाले बुझाउनुपर्ने आर्थिक वर्ष २०७९/८० सम्मको विद्युत् रोयल्टी जम्मा गर्नुपर्ने व्यवस्था छ । विभागले केही आयोजनाले रोयल्टी फरफारक नगरेको पाइएपछि पुन: जम्मा गर्न भनेको छ । विभागले रोयल्टी व्यवस्थापनसम्बन्धी आवश्यक विवरणअनुसार आफ्नो आयोजनाको रोयल्टी विवरण रुजु गराउन सूचनामार्फत सूचीसमेत गरेको महानिर्देशक चिरञ्जीवी चटौतले जानकारी दिए । रोयल्टी फरफारक नगर्ने आयोजनालाई भने प्राधिकरणमा पत्राचार गरेर असुलउपर गरिने स्पष्ट पारेको छ । संकलन भएको रोयल्टी स्थानीय आयोजना प्रभावित क्षेत्रमा उपलब्ध गराउने व्यवस्था छ । विभागले अनुमतिपत्र दस्तुरबाट एक अर्ब १५ करोड पाँच लाख ५६ हजारबराबर संकलन गरेको छ । यस्तै दण्ड जरिवाना, जफतबाट ८७ लाख, बेरुजुबाट ४२ लाख बराबर संकलन गरेको छ । विभागले सो आवमा चार अर्ब ३१ करोड ८६ लाख ५० हजारबराबर कुल राजस्व सङ्कलन गरेको छ । यस्तै चालु आवको पुस १६ गतेसम्म रोयल्टीबापत ५९ कोड ५५ लाख ५८ हजारबराबर रोयल्टी संकलन गरेको छ । अनुमति दस्तुरबाट १६ करोड २४ लाख ८० हजार संकलन गरेको विभागले दण्ड जरिवानालगायत बाट ४५ लाखबराबर संकलन गरेको छ । विभागले हालसम्म कुल ४१ वटा जलविद्युत् आयोजना र दुईवटा सौर्य परियोजना गरी कुल ४३ वटा आयोजनाको सर्वेक्षणका लागि दरखास्त परेको छ । ती आयोजनाको कुल क्षमता तीन हजार १६ मेगावाट बराबर छ । त्यस्तै सर्वेक्षण जारी भएका आयोजनाको सङ्ख्या एक सय ४३ छ । विभागका अनुसार ९३ वटा जलविद्युत् आयोजना र ४२ वटा सौर्य परियोजना छन् । ती आयोजनाको कुल क्षमता नौ हजार छ सय ५५ मेगावाट बराबर छ । विभागका अनुसार उत्पादन अनुमतिपत्र दरखास्त दिने आयोजनाको संख्या एक सय पाँच छ । ती आयोजनाको क्षमता ११ हजार पाँच सय ८३ मेगावाट छ । त्यस्तै विद्युत् उतपादन अनुमतिपत्र लिएका आयोजनाको संख्या एक सय ५४ वटा छन् । ती आयोजनाको कुल क्षमता नौ हजार दुई सय २१ छ । विभागले एक हजार सात सय ६५ सर्किट किलोमिटर बराबर प्रसारण लाइन निर्माणका लागि सर्वेक्षण अनुमतिपत्रका लागि आवेदन परेको छ । त्यस्तै विभागले चार हजार आठ सय ९५ सर्किट किलोमिटर बराबरको प्रसारण लाइन निर्माणका लागि अनुमति प्रदान गरेको छ । त्यसमा चार सय केभी क्षमताका सातवटा आयोजनालाई अनुमति दिइएको छ । त्यस्तै दुई सय २० केभी क्षमताका २५, एक सय ३२ केभी क्षमताका एक सय एक, ६६ केभी क्षमताका पाँच, ३३ केभी क्षमताका ८४ र ११ केभी क्षमताका एक प्रसारण लाइन निर्माणका लागि अनुमति दिइएको छ । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेतले विभागको काम-कारबाहीलाई थप व्यवस्थित बनाउन निर्देशनसमेत दिएका छन् । सर्वेक्षण अनुमतिपत्र लिएका आयोजनालाई समयमै काम पूरा गर्ने वातावरण बनाउन निर्देशन दिँदै उनले लामो समयसम्म आयोजना होल्ड गर्ने प्रवृत्तिको अन्त्यका लागि प्रभावकारी कदम चाल्नुपर्ने बताए । यस्तै उत्पादन अनुमतिपत्र लिएका आयोजनाको हकमा पनि मन्त्री बस्नेतले स्पष्ट निर्देशन दिए । लामो समयसम्म अनुमतिपत्र मात्रै लिने र काम नगर्ने आयोजनालाई लामो समय दिन नसकिने स्पष्ट पार्दै मन्त्री बस्नेतले नियमानुसार काम गराउन विभागका महानिर्देशक चटौतलाई निर्देशन दिएका छन् ।**-रासस**

## 'समाज र राष्ट्र...

...यस वर्ष जिल्लास्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड रामपुर मै सञ्चालन गर्नको लागि नगरले आग्रह गरेको र रामपुरमै प्रतियोगिता भएमा जिल्लाका सबै खेलाडीको दुर्घटना बीमाको व्यवस्था नगरपालिकाले गर्ने प्रतिवद्धता जनाए । प्रमुख प्रशासकिय अधिकृत सुर्य दर्शन पण्डितले खेलले विद्यार्थीहरुमा धैर्यतासँगै थप उर्जा दिने धारणा व्यक्त गरे । रामपुर नगपालिकाका प्रवक्ता कपिल बहादुर खाँणले सफलता प्राप्त गर्न अनुशासन महत्वपूर्ण हुने भन्दै खेलले अनुशासन र एकताको सन्देश प्रवाह गर्ने बताए । प्रतियोगितामा एथलेटिक्स, भलिबल, कबड्डी र तेक्वान्डो अर्न्तगतका विभिन्न खेलहरु भइरहेका छन् । जसमा नगर भित्रका १७ सामुदायिक र ४ संस्थागत गरी २१ विद्यालयका छात्रछात्राहरु प्रतिस्पर्धा उत्रिएका छन् । स्थानीयस्तरमा रहेका खेल प्रतिभालाई उजागर र खेलाडीलाई प्रोत्साहन गर्ने उद्देश्यले आयोजित प्रतियोगिता माघ ७ गतेसम्म सञ्चालन हुने दरैठाँटी माविका प्रधानाध्यापक एवं प्रतियोगिता व्यवस्थापन तथा निर्देशन समितिका सदस्य सचिव सुन्दर प्रसाद देवकोटाले जानकारी दिए । उद्घाटनको अवसरमा २१ विद्यालयको मार्चपास समेत रहेको थियो ।

नगर शिक्षा अधिकृत विकल काफ्ले तीन वटा संस्करणको उपाधि जित्दै रामतुलसी माविले रनिङ्ग शिल्ड जितेको र यस वर्षबाट नयाँ रनिङ्ग शिल्डको लागि प्रतिस्पर्धा हुने बताए । नगर प्रमुख रमण बहादुर थापाको अध्यक्षता, शिक्षा शाखा अधिकृत विकल काफ्लेको स्वागत, प्रतियोगिता व्यवस्थापन तथा निर्देशन समिति सदस्य दिपेन्द्र भट्टराई र राधिका केसीको सञ्चालनमा उद्घाटन शत्र कार्यक्रम भएको थियो ।

## एनसीसी कप...

...खेलमा एनसीसीका विशाल न्यौपाने म्यानअफद म्याच भएका छन् । उनले ३० बलमा ४० रन जोड्न सफल भएका थिए । यस्तै दोस्रो खेलमा राम्दी क्रिकेट क्लव र एमआइबी बिच भएको सेमिफाइनलमा एमआइबीले ३ रनले जित निकालेसँगै फाइलन खेल प्रवेश गरेको हो । एमआइबीकोतर्फबाट आशिषले ८ बलमा २५ रन हानेर जित सुनिश्चित गर्नुको साथै म्यानअफद म्याच भएका हुन् । राम्दी क्लवका विपिन काफ्लेले भने ११ बलमा १९ रनको योगदान गरेका थिए । ३ गतेदेखि भएको खेल आज सकिदै छ । शनिबार विहान भएको सुपर एट खेलमा एमआइबी र विशाल बजारबिच प्रतिस्पर्धा भएको थियो । जसमा एमआइबीले ४५ रनले विजयी भई सेमिफाइनलको यात्रा तय गरेको थियो । खेलमा १४ टिमको सहभागीता रहेको थियो । प्रतियोगितामा प्रथम हुनेलाई नगद २० हजार, कप, मेडल र प्रमाणपत्र, द्वितीय हुनेलाई १० हजार, कप, मेडल र प्रमाण पत्र प्रदान गरिने छ । यस्तै प्रतियोगितामा म्यान अफ द टुर्नामेन्टलाई सिल्ड र प्रमाणपत्र, बेस्ट ब्याट्समेनलाई सिल्ड, प्रमाणपत्र, बेस्ट बलरलाई सिल्ड, प्रमाणपत्र र म्यान अफ द म्याचलाई मेडल प्रदान गरिने क्लवले जनाएको छ ।

### क्यान्सर रोग लाग्नबाट बच्ने उपाय

- मदिरा, धुम्रपान तथा सुर्तिजन्य वस्तु सेवन नगरौं,
- खानपानमा ध्यान पुर्याऔं,
- पर्याप्त व्यायाम गर्ने गरौं,
- सक्रिय जीवनशैली अपनाऔं,
- बोसोयुक्त मासु नखाऔं,
- तारेको, भ्रानेको, पोलेको खाना नखाऔं,
- गालेका तथा पुराना अचार कम खाऔं,
- नियमित स्वास्थ्य परीक्षण गराऔं,
- सरसफाईमा विशेष ध्यान दिऔं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई